प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
प्रदेश सुशासन केन्द्र, नेपालगञ्ज- बाँके

## सूची दर्ता गराउने सम्बन्धि सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०७९/०४/१७)

यस केन्द्रको "प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम" अन्तर्गत चालु आ.व.२०७९/८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार स्थानीय तहमा तपशिलमा उल्लेखित बिषय/क्षेत्रहरुमा कार्यक्रम संचालन गर्नुपर्ने भएकोले प्राविधिक तथा परामर्श सेवा प्रदान गर्न योग्य, अनुभवी, सक्षम तथा ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट तोकिए बमोजिमका आवश्यक कागजात सहित निवेदन पेश गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को (संशोधन सहितको) नियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएकाले रीतपूर्वकको निवेदन तल दिईएको ठेगानामा खामबन्दी पेश गरी यथाशिघ्र सूची दर्ता गराउन आव्हान गरिन्छ । यस सम्बन्धि अन्य विषयहरुको हकमा कानुन बमोजिम सम्पूर्ण अधिकार यस कार्यलयमा निहित रहनेछ।

तपशिल,

१. परामर्श सेवाका क्षेत्र तथा विषयहरु (प्रत्येक विषयको लागि तोकिएको ढाँचामा छुट्टा छुट्टै आवेदन र कागजात पेश गर्नुपर्ने)

क) प्रशासनिक भवन र तालिम भवनको नियमित अनुगमन तथा सुपरिभिजन ।
ख) सिकाई सामग्रीहरूको तयारी तथा प्रकाशन (ब्रोसर, सिकाई सामग्री, बार्षिक प्रतिवेदन, पाठ्यक्रम) ।
ग) डिजीटल ल्याब तथा ज्ञान केन्द्रको प्रवर्द्दन तथा स्तरोन्नति गर्ने ।
घ) प्रदेश मन्त्रालय तथा स्थानीय तहको राजश्व सुधार कार्ययोजना निर्माण ।
ङ) स्थानीय तहको क्षमता विकास योजना निर्माण ।
च) स्थानीय तहको आवधिक योजना निर्माण ।
छ) स्थानीय तहको लैंगिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण (GESI Audit)।
ज) सार्वजनिक लेखाजोखा, सार्वजनिक सुनुवाई तथा नागरिक सेवा सन्तुष्टि सर्भेक्षण आदि औजारको प्रयोगको लागि सहयोग ।
झ) प्रदेशका विभिन्न मन्त्रालयहरु तथा प्रदेश स्तर कार्यालयहरुको क्षमता विकास योजना निर्माण ।
ञ) स्थानीय तहमा सुझाव संकलन तथा गुनासो सुनुवाई सम्बन्धी विधुतीय प्रणालीको निर्माण गर्न सहयोग ।
ट) स्थानीय तहमा नागरिकको सचेतनाका लागि सूचना, शिक्षा तथा संचार, Public Service Announcement, वृतचित्र जस्ता सामग्रीको उत्पादन तथा प्रचार-प्रसार
ठ) जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास तालिम कार्यक्रमको पाठ्यक्रम मोड्युल निर्माण ।

नेपालगञ्ज नगरपालिका
दर्ता नं. ६०६
दर्ता मिति: ०७९/०४/१८

कमानसिंह थापामगर
कार्यकारी निर्देशक

द) सहायक स्तरका कर्मचारी तथा सवारी चालकहरुलाई अतिथि सत्कार, पदीय जिम्मेवारी सम्बन्धी तालिम ।

ध) नेपालको संघीय राज्य संचालन प्रणाली बारे अनुशिक्षण।

न) वातावरणीय मुल्याङ्कन (IEE, EIA, BEA) सम्बन्धी तालिम ।

न्) प्राकृतिक प्रकोप व्यवस्थापन ।

प) सार्वजनिक खरिद व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, बेरुजु व्यवस्थापन, वित्तीय उत्तरदायित्व ।

फ) नवनिर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि स्थानीय सरकार संचालन ऐन अनुसार भूमिका र जिम्मेवारी ।

ब) NBC, EBPS and Building By-laws, भवन संहिता सम्बन्धी विज्ञ ।

भ) लागत इस्टिमेट, सम्झौता ब्यबस्थापन तथा गुणस्तर नियन्त्रण (खरिद विज्ञ)।

म) स्थानीय शासन विज्ञ, राजश्व प्रशासन विज्ञ, विकास विज्ञ र प्रशासनविदस

आवश्यक कागजातहरू:

क) दिईएको ढाँचामा आधिकारिक निवेदन (माथि उल्लेखित मध्ये आफूले कार्य गर्न चाहेको विषय/क्षेत्र स्पष्ट उल्लेख गर्ने) |

ख) हार्डकपी सहितको फाईल तयार गरी आफै, आफ्नो प्रतिनिधि उपस्थित भई वा हुलाक मार्फत दर्ता गराउने |

थप जानकारीका लागि
९८४८०२२६३४
९८५७८३१९०६
प्रदेश सुशासन केन्द्र, नेपालगंज उ.म.न.पा-१४, बाँके

२०७९/४/१८
कमानसिंह थापामगर
कार्यकारी निर्देशक